यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु,
५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७६/७७
चलानी नम्बर :- 12 ६५

मिति : २०७७/०२/२६

**विषय : Flash I & II School Census अन्तरगतको Electronic based को School Level IEMIS तथ्यांक अध्यावधीकरण र व्यवस्थापन सम्बन्धी अनुरोध ।**

सम्पूर्ण सामुदायिक विद्यालयहरु,
यशोधरा गाउँपालिका ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७७।०२।२५ गतेको पत्रानुसार COVID 19 को प्रकोपका कारण नेपाल सरकारको मिति २०७६।१२।०६ को निर्णय अनुसार भौतिकरुपमा उपस्थित भई संचालयन गर्ने सबै प्रकारका शैक्षिक गतिविधिहरु अर्को व्यवस्था नभए सम्मका लागि बन्द गर्ने भनिएको र हाल सम्म सम्पूर्ण शैक्षिक संस्थाहरु बन्दबन्दीको अवस्थामा रहेका छन् । गत शैक्षिक सत्र २०७६ को कक्षा १०, ११, १२ को बोर्ड परीक्षा लगायत अन्य व्यवस्थापकीय कार्यहरु साथै नयाँ शैक्षिक सत्र २०७७ को बारेमा हालसम्म निर्णय हुन नसकेको अवस्थां भएतापनि विद्यालयतहको **विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली(Excel based को Electronic School level IEMIS")** को व्यवस्थापनलाइ निरन्तरता दिन नितान्त जरुरी देखिएको छ । यसका लागि आ-आफ्नो विद्यालयको सुरक्षित अवस्थालाइ ध्यानमा राखी भौतिक दुरी साथै अन्य उपायहरु अपनाई प्रत्येक विद्यालयको सिमित जनशक्ती प्रयोग गरी हाललाइ विद्यालयसँग सम्बन्धित अभिलेखहरुमध्ये निम्न अभिलेखहरु अध्यावधिक गर्न गराउनु हुन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७७।०२।२५ को निर्णय अनुसार अनुरोध छ । यसो गर्दा ९०% कार्य सम्पन्न हुने र चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना खुले पछि उक्त विवरणमात्र Entry/Add गरे पुग्ने साथै यस कार्यालयमा Update गरेको IEMIS Excel File उपलब्ध गराउने व्यहोरा अनुरोध छ ।

१. हाल चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना शुरु नभएकाले सबै स्थानियतह अन्तरगत सबै प्रकार(संस्थागत, धार्मिक र अन्य प्रकृतिका विद्यालयहरु) र तहका (पूर्व बालविकास देखि १२ सम्म संचालित विद्यालयहरु) विद्यालयहरुले आ-आफ्नो विद्यालयको Excel based IEMIS file मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका निम्न तथ्यांक एवम् सूचनाहरुलाई Update (अध्यावधिक) गर्ने :

क. आ-आफ्नो विद्यालयको IEMIS file Update गर्दा Year set २०७७ बनाउने,

ख. शैक्षिक सत्र २०७६ को कक्षागत विद्यार्थीहरुको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहर्याउने, कक्षा छाडने, बार्षिक हाजिरी दिन आदि विवरणहरु) अध्यावधिक गर्ने (कक्षा १० र १२ बाहेक अरु सबै कक्षा)

ग. शैक्षिक सत्र २०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरुको प्राप्तांङ विवरणको Entry र अध्यावधिक गर्ने,

घ. शैक्षिक सत्र २०७६ को कक्षागत छात्रवृत्ति विवरण अध्यावधिक गर्ने,

# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बढ्नी, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७६/७७
चलानी नम्बर :- ११६१

मिति : २०७७/०२/२६

---

ङ. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शैक्षिक २०७६ सालको सबै प्रकार र तहका शिक्षकहरुको पूर्ण विवरण अध्यावधिक गर्ने

च. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शैक्षिक सत्र २०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरुको पूर्ण विवरण अध्यावधिक गर्ने

छ. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शैक्षिक २०७६ सालको सबै प्रकारको भौतिक विवरण अध्यावधिक गर्ने

ज. हाल विद्यालयमा रहेको अभिलेख अनुसार शैक्षिक सत्र २०७६ सालको विविधमा रहेको सबै विवरण अध्यावधिक गर्ने र

झ. आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन राम्रोसँग रुजू गर्ने र IEMIS File "Save गरी राख्ने ।

२. माथि बूदाँ न. १ मा उल्लेखित कार्यहरु सम्पन्न गरेका विद्यालयहरुले आफ्नो विद्यालयको IEMIS File मिति २०७७।०३।१२ गते सम्म यस यशोधरा गाउँपालिकाको शिक्षा शाखामा उपलब्ध गराउने ।

नोट : विद्यालयको **IEMIS File** मा भरिएका सम्पूर्ण विवरणहरु विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रुपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछौ । सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाँउलौ । भन्ने व्यहोराको पत्र समेत यस कार्यालयलाइ **IEMIS File** सँगै उपलब्ध गराउने ।

३. कक्षा ११ र १२ को शैक्षिक सत्र फरक भएकाले यस्ता माध्यमिक विद्यालयहरुले IEMIS File पटक अध्यावधिक गरी बुझाउनु पर्नेछ, जसमा कक्षा १२ का लागि २०७६ को कक्षा ११ का विद्यार्थी Update गर्ने र अन्य कक्षाहरु सँगै व्यवस्थापन गर्ने र कक्षा ११ को नयाँ भर्ना सकिए पछि Add गर्ने ।

४. यस सम्बन्धि थप बुझ्न परेमा यस कार्यालयको मोबाइल न. ९८५७०५४८४३, Email Id - ito.yasodharamun@gmail.com, info@yasodharamun.gov.np

पुनश्च : हाल COVID-19 को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरु गर्दा गराउँदा आवश्यक सुरक्षाका उपायलयहरु अनिवार्य रुपमा अपनाउन हुन समेत अनुरोध छ ।

२०७७।२।२६

रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत